# टिप्पणी र समाचार

विगत अंक प्रकाशित भएपछिको समय विभागका निम्ति निकै दृष्टिकोणबाट लाभप्रद भएको छ ।

अन्वेषण तथा उत्खननका क्षेत्रमा गरिएको एउटा महत्वपूर्ण निर्णयका रूपमा श्री ५ को सरकार पुरातत्वविभाग तथा जापानको रीशो विश्वविद्यालयका बीच सुसम्पन्न भएको संझौतालाई लिन सकिन्छ । यस संझौताको प्रमुख उद्देश्य तिलौराकोटलाई कपिलवस्तुका रूपमा साबित गर्न सकिने प्रत्यक्ष प्रमाण प्राप्त गर्नु हो जुन तथ्यलाई साहित्य तथा अभिलेखका आधार मा बृहत् क्षेत्रबाट प्रायः स्वीकार गरिसकिएको छ ।

जापानको दलले यस वर्ष अपेक्षाकृत सानो परिधिमा उत्खनन गऱ्यो । अर्कोतिर श्री ५ को सरकार पुरातत्वविभागले विगत वर्षदेखि नै शुरू गरेको कार्यलाई पुनः चालु गऱ्यो । विभागका तर्फबाट अन्वेषण तथा उत्खनन शाखाका शाखाप्रमुख श्री तारानन्द मिश्र, फिल्ड फोटोग्राफर श्री पुष्पमान चित्रकार,सर्वेयर श्री हरिमान अमात्य, ड्राफ्टम्यान श्री देवरत्न रंजितकारका अतिरिक्त अन्य प्रशासकीय एवं प्राविधिकसहायकहरूले भाग लिइरहनुभएको छ । पुरातत्वविभागद्वारा सञ्चालित उत्खननबाट महत्वपूर्ण तथ्य तथा अवशेष फेला पारिएको छ । गत वर्षको उत्खननले यो कुरा निश्चित गरिदिएको छ यो शहर चारैतिर पर्खालद्वारा घेरिएको थियो । पर्खालको अध्ययन गर्दा यी तीन विभिन्न कालका बुझिन्छन् । प्रथम पर्खाल माटोको र दोस्रो तथा तेस्रो भने ईंटको प्रयोगद्वारा खड़ा गरिएको स्पष्ट हुन्छ । यस वर्षको उत्खननमा पश्चिमी द्वार पत्ता लगाइएको छ । साथै बेग्लाबेग्लै कालका उन्नाईस फिट चाक्लो बाटो पनि फेला पारिएको छ र उत्खननद्वारा यो कुरा प्रायः निश्चित हुन्छ तिलौराकोटको प्रथम नगरसभ्यता सातौं शताब्दी ईसा पूर्वको हुनुपर्दछ । तर यस संबंधमा अन्तिम रूपमा विश्वस्त हुन कार्वन १४ (c. 14) सिद्धान्तको विश्लेषणात्मक वैज्ञानिक प्रक्रियाद्वारा प्रदत्त परिणामलाई पर्खिनु सर्वथा उचित पर्ला। यस अवधिमा, पुरातत्व निर्देशकको अध्यक्षतामा गठित "गुठी जीर्णोद्धार तथा निर्माण समिति"द्वारा निम्न लिखित स्मारकहरूको जीर्णोद्धार कार्य समाप्त गरिसकिएको वा भइरहेको छ ।

काठमाडौंतर्फ (१) हनूमान्ढोकास्थित दशैंघर (२) हनूमान्ढोकास्थित इष्टदेवताको मन्दिर (३) नघल टोलस्थित विहार (४) पशुपति मन्दिर (५) वानेश्वरस्थित प्रस्तरको महादेवमन्दिर । ललितपुरतर्फ (६) भीमसेनमन्दिर (७) तलेजुभवानीको मन्दिर (८) देगुतलेजुमन्दिर (९) सोठनारायण (१०) सोठटोल स्थित कृष्णमन्दिर (११) सुनधारासमीपको ईंटद्वारा निर्मित विष्णुमन्दिर (१२) टंगलस्थित मत्स्येन्द्रनाथमन्दिर । भादगाउँतर्फ (१३) पशुपतिको मन्दिर (१४) भद्रकालीमन्दिर (१५) वाराहीमन्दिर (१६) मजादेगमन्दिर । नुवाकोटस्थित भैरवीमन्दिरको जीर्णोद्धार पनि समाप्त भएको छ ।

यी सबैका अतिरिक्त निम्न लिखित स्मारकहरूको पनि केही दिनभित्र जीर्णोद्धार कार्य प्रारंभ गर्ने निर्णय गरिएको छ ।

काठमाडौं तर्फ–(१) पशुपतिक्षेत्रको राममन्दिर (२) नानकमठ (३) स्वयम्भूस्थित सरस्वतीको सत्तल (४) हनूमान्ढोकास्थित अष्टकोणमन्दिर । ललितपुरतर्फ (५) महापालस्थित उमामहेश्वरको मन्दिर (६) कृष्णमन्दिरको छेउको गणेशमन्दिर (७) सुनधारा-

स्थित मत्स्येन्द्रनाथको मन्दिर तथा (८) ठेचोस्थित नवगुर्गाको मन्दिर । भक्तपुरतर्फ दत्तात्रेयमन्दिरको जीर्णोद्धार गरिनेछ ।

ललितपुरस्थित पुरातत्त्वबगैंचामा निर्माण भइरहेको "सूचनाकेन्द्र" नामक कलापूर्ण भवनको निर्माण समाप्त भएको छ ।

यसै बीच पुरातत्व निर्देशकद्वारा रकफेलर थर्ड फण्डको निमन्त्रणामा संयुक्तराष्ट्र अमेरिका तथा उन्नाईसौं ओलेम्पिक कमिटीको निमंत्रणामा मेक्सीकोका स्मारकहरूको जीर्णोद्धार तथा संग्रहालयहरूको संगठन एवं न्यूयोर्कस्थित अन्तर्राष्ट्रिय जीर्णोद्धार केन्द्र र सांस्कृतिक संस्था आदिको अध्ययन गरियो ।

१९६६–६७ मा यूरोपका विभिन्न शहरहरूमा आयोजित नेपाली कलाप्रदर्शनीमा प्रदर्शित कलाकृति मध्ये उच्चकोटीका बाईस थानको छनौट गरी १९६८ मा मेक्सीकोमा ओलेम्पिकका अवरमा आयोजित गरिने "विश्वका सर्वोत्तम कलाकृतिको अन्तर्राष्ट्रिय प्रदर्शनी" का निम्ति पठाइसकिएको छ । अन्य सामग्री सुरक्षित रूपमा काठमाडौं फर्किसकेका छन् ।

वीर पुस्तकालय तथा राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थको एकीकरण गरी राष्ट्रिय अभिलेखालयमा ल्याइएको अवसरमा विभागीय अनुसन्धानका निम्ति अत्यन्त आवश्यक पुरातत्व एवं अन्य ऐतिहासिक, सांस्कृतिक विषयसग संबन्धित मुद्रित पुस्तकहरूको पनि संग्रह तथा स्थानान्तरण गरी एउटै स्थानमा ल्याइएको छ । केशर पुस्तकालयको हस्तांतरणपछि पुस्तकालयसेवामा अझै गहकिलो विस्तार हुने भएको छ । अहिले मूलसूची तैयार गर्ने काम धमाधम भइरहेको छ ।

गाउं फर्क राष्ट्रिय अभियानका सिलसिलामा बूढानीलकण्ठ गएको अवसरमा विभागीय कर्मचारीहरू श्री जनकलाल शर्मा, श्री बाबुकृष्ण रिजाल, श्रीउपेन्द्रनाथ सापकोटा, श्रीनारायण प्रसाद शर्मा आदि ले लिच्छवी लिपिको अप्रकाशित महत्वपूर्ण शिलालेख पत्ता लगाउनुभयो । यसको पूरा विवरण प्राचीन नेपालको अर्को अंकमा प्रकाशित गर्नेछौं ।

रमेशजङ्ग थापा